# रोजगार सिर्जना तथा मुल्य श्रृङ्खला विकास परियोजना

# दुग्ध संकलन एवम् प्रशोधन तथा विद्युतीय सामानहरु खरिद गर्नका लागि

# सिलबन्दी दरभाउ पत्र आह्वान

# Terms of Reference (TOR)

| | |
|---|---|
| परियोजनाको नाम : | रोजगार सिर्जना तथा मुल्य श्रृङ्खला विकास परियोजना दोस्रो चरण |
| जिल्ला : | मोरङ |
| प्रस्तावना पेश गर्नुपर्ने अन्तिम मिति | २०७७ साउन ८ गते (२३ जुलाई, २०२०) |

## १. परिचय :

ग्रामीण महिला विकास केन्द्रको स्थापना वि.स. २०५० सालमा भएको हो । यस केन्द्रको अधिकारिक कार्यालय लेटाङ नगरपालिका ३ मा अवस्थित छ । यो संस्था सामाजिक परिवर्तन तथा विकासका क्षेत्रमा समान चासो र लक्ष्य भएका राष्ट्रिय, क्षेत्रीय तथा जिल्लास्तरका विभिन्न संघ संस्था तथा स्थानीय निकायहरुसँग सुमधुर सम्बन्ध कायम गरी अगाडि बढिरहेको छ । यो संस्था मानवीय, सामाजिक, आर्थिक, वातावरणीय तथा संस्थागत विकासमा विश्वास गर्दै सिर्जनशील तथा स्वाबलम्बी समाजको विकास गर्ने मुख्य परिकल्पना प्रति प्रतिवद्ध रहदै कार्य गरिरहेको छ । गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक र प्राविधिक सहयोग तथा ग्रामीण महिला विकास केन्द्रको सहकार्यमा मोरङ जिल्लामा रोजगार सिर्जना तथा मूल्य श्रृंखला विकास परियोजनाद्वारा विभिन्न कार्यक्रमहरु संचालन भइरहेको छ ।

यसै परियोजना अन्तर्गत दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, लेटाङ तथा यस संस्थासँग सम्बन्धित किसानहरुको क्षमता अभिवृद्धिमा सहयोग गर्ने उद्देश्यले दुग्ध संकलन एवम् प्रशोधन तथा विद्युतीय सामग्रीहरु खरिद गर्नुपर्ने भएको इच्छुक फर्म, सप्लायर्स या कम्पनीहरुले आवश्यक कागजातहरु सहित सिलबन्दी दरभाउपत्र पेश गर्नको लागि आह्वान गरिन्छ ।

## सामग्रीहरूको सूची :

| SN | Particular | Unit | Quantity |
|---|---|---|---|
| 1. | Generator (30KVA) | No. | 1 |
| 2. | Paneer vaccum machine | No. | 1 |
| 3. | Milk Analyzer(with power back up) | Set | 1 |
| 4. | Deep Freezer(800) | No. | 1 |
| 5. | Milk Delivery Cane & Still Bucket | No. | 200 |

इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरूले निम्न शर्तहरुको अधीनमा रही तोकिएको म्यादभित्र पेश गर्ने गरी सिलबन्दी बोलपत्र आह्वान गरिन्छ :

१. नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक संस्था यो बोलपत्रको लागि योग्य हुनेछ ।

२. अनुसूचीहरूमा उल्लेख गरिएको सामग्रीहरूको विस्तृत विवरण र गुणस्तरको आधारमा सामग्रीको प्रति इकाई दररेट पेश गर्नुपर्ने हुन्छ । दरभाउ पत्र पेश गर्दा वस्तुको हकमा उत्पादन कम्पनी, ग्यारेन्टी, वारेन्टी आदि पनि स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

३. वार्षिक परिमाणमा छुट हुन सक्ने भए सो खुलाउनु पर्नेछ ।

४. आपूर्तिकर्ता सम्बन्धित जिल्लाभन्दा बाहिर अवस्थित भएको हकमा सम्बन्धित जिल्लासम्म सामग्री ढुवानी गर्दा लाग्ने लागत समेत जोडी प्रति इकाइ लागत उल्लेख गर्नु पर्नेछ ।

५. अनुसूचीहरूमा उल्लेख गरिएको सम्पूर्ण सामग्रीहरूको लागि वा कुनै एउटा मात्रै सामग्रीको लागि बोलपत्र दररेट पेश गर्न सकिनेछ । प्रत्येक सामग्रीको दररेटको मूल्याकंन छुट्टाछुट्टै गरिनेछ ।

६. कम्पनी/फर्म/अधिकृत बिक्रेताले बोलपत्र आह्वानको सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र बोलपत्र उपलब्ध गराउनुपर्ने छ ।

७. अनुसूचीमा भएका सामग्रीहरूको संख्या, अवस्था हेरेर परियोजनाको आवश्यकता अुनसार थपघट हुने सक्नेछ ।

८. म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कार्वाही हुने छैन ।

९. बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै बोलपत्र दर्ता गर्न सकिनेछ ।

१०. बोलपत्र पेश गर्दा अनुसूची १ मा उल्लेख गरिएको फाराममा सामग्रीको रकम विस्तृत रूपमा उल्लेख गरी दररेट बुझाउनु पर्नेछ ।

११. बोलपत्र कागजातको मूल्य अंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनपर्नेछ । केरमेट भएको हुनु हुँदैन । कथंकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

१२. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ ।

१३. आवश्यकता परेको खण्डमा, कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नुभन्दा अगाडि संशोधन गरी प्रस्तुत गर्न भन्न सकिनेछ ।

१४. छनौट भएको कम्पनी/फर्म/अधिकृत बिक्रेतासँग वार्षिक सम्झौता गरिनेछ ।

१५. बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

१६. पेश गर्नुपर्ने आवश्यक कागजातहरू :

क. विस्तृत र स्पष्ट रूपमा दररेट उल्लेखित अनुसूचीमा उपलब्ध फारम

ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. मूल्य अभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

घ. बोलपत्र बुझाएको निबेदन

ङ. कार्य अनुभव खुल्ने कुनै सहयोग कागजातहरू (ऐच्छिक) ।

उपरोक्त बमोजिमको सिलबन्दी दरभाउ पत्रमा "दुग्ध संकलन एवम् प्रशोधन तथा विद्युतीय सामानहरु" लेखी सिलबन्दी बोलपत्र मिति २०७७ श्रावण ८ गते (२३ जुलाई, २०२०) ५:०० बजेभित्र  ग्रामीण महिला विकास केन्द्र, लेटाङ नगरपालिका वडा नं. ३, लेटाङ, मोरङ, फोन ०२१-५६००४३, इमेल:rwdcletang@gmail.com वा गुड नेवर्स इन्टरनेशनल नेपाल, एकान्तकुना-१३, ललितपुर, पोष्ट बक्स नं. ८९७५, ई.पी.सी. १६०५ नेपालमा सिधै वा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ ।

अनुसूची १ : बोलपत्र फारम

| S.N. | Item and basic specification | Operational Requirements | Technical Specifications | Brand Name | Per Unit Rate (NRs.) including VAT, transportation to Letang, Installation and basic operation coaching | Remarks |
|---|---|---|---|---|---|---|
| **1.** | Generator (30 KVA)<br>- Branded | To operate 2000L chilling vat | | | | |
| | | | | | | |
| | | | | | | |
| **2.** | Paneer Vaccum Machine- Semi automatic | To pack paneer and other milk products | | | | |
| | | | | | | |
| | | | | | | |
| **3.** | Milk analyzer(at collection centre)- Branded- with power back up | For FAT and SNF detection | | | | |
| | | | | | | |
| | | | | | | |
| **4.** | Deep Freezer(800Ltr)-<br>Branded | To store milk products | | | | |
| **5.** | Milk Cane - Stainless steel-20L | Milk delivery | | | | |
| **6.** | Milk Cane - Stainless steel 10L | Milk delivery | | | | |
| **7.** | Milk Cane - Stainless steel 7L | Milk delivery | | | | |
| **8.** | Milking bucket - Stainless steel 10L | Milking | | | | |